मिति: २०८२/१/०५ गतेका दिन यस इस्मा गाउँपालिका अध्यक्ष श्री भगत सिंह खड्काज्यूको क्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी नानुसारका निर्णय गरियो ।

| क.सं. | वडा | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री भगत सिंह खड्का | अध्यक्ष | |
| २ | - | श्री पार्वती कुँवर | उपाध्यक्ष | |
| ३ | १ | श्री शेर बहादुर कुँवर | सदस्य | |
| ४ | २ | श्री लोकनाथ आचार्य | सदस्य | |
| ५ | ३ | श्री ज्योतिराज कुँवर | सदस्य | |
| ६ | ४ | श्री राजु बस्नेत | सदस्य | |
| ७ | ५ | श्री झविन्द्र अर्याल | सदस्य | |
| ८ | ६ | श्री ढाल बहादुर कुँवर | सदस्य | |
| ९ | १ | श्री रेनुका विष्ट क्षेत्री | सदस्य | |
| १० | २ | श्री सुनिता विश्वकर्मा | सदस्य | |
| ११ | २ | श्री डोल बहादुर सार्की | सदस्य | |
| १२ | ५ | श्री टिका कुमारी घर्ती (कुँवर) | सदस्य | |
| १३ | ५ | श्री वसन्त सुनार | सदस्य | |
| १४ | ६ | श्री खगिसरा पोखेल | सदस्य | |
| १४ | - | विवेक रणपाल परियार | सदस्य- सचिव | |

न्य उपस्थिति:

| क्र.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | छविलाल अधिकारी | का.स. | |
| २ | | | |
| ३ | | | |

Scanned with CamScanner

प्रस्तावहरुः-

१. अघिल्लो कार्यपालिकाको बैठक सम्बन्धमा ।

२. विविध।

निर्णयहरुः-

निर्णय नं १- यस अघिको कार्यपालिका बैठकका निर्णय उपर छलफल गर्दा कार्य सन्तोषजनक रहेको निर्णय गरियो।

निर्णय नं २- फलफुल (आप, लिचि र सुन्तला) को बिरुवा रोपणको लागि खाडल निर्माण सम्बन्धि मापदण्ड २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ३- इस्मा गाउँपालिकाको अनुगमन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ४- टोल विकास संस्था(गठन तथा परिचालन) कार्यविधि, २०७९ को परिच्छेद ३ को दफा ६ को उपदफा ३ को देहाय ङ लाई संशोधन गरी पालिकावाट हस्तान्तरित योजना सम्पन्न पश्चात पनि रेखदेख र मर्मत सम्भारको काम र जिम्मेवारी संस्थाको हुनेछ । भन्ने शब्द राख्ने निर्णय गरियो।

निर्णय नं ५- भू उपयोग नीति अनुसार जग्गा वर्गिकरणको TOR स्वीकृत गर्ने निर्णय गरियो।

भगत सिंह खड्का
अध्यक्ष

Scanned with CamScanner

आज मिति २०८२।०२।२९ गते बिहान ०८:०० बजे यस इस्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री भगत सिंह खड्का ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक देहाय बमोजिम उपस्थिति रही तपसिलका प्रस्तावहरु उपर छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र. सं. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भगत सिंह खड्का | अध्यक्ष | | |
| २. | श्री पार्वती कुँवर | उपाध्यक्ष | | |
| ३. | श्री शेर बहादुर कुँवर | सदस्य | | |
| ४. | श्री लोकनाथ आचार्य | सदस्य | | |
| ५. | श्री ज्योतिराज कुँवर | सदस्य | | |
| ६. | श्री राजु बस्नेत | सदस्य | | |
| ७. | श्री झविन्द्र अर्याल | सदस्य | | |
| ८. | श्री ढाल बहादुर कुँवर | सदस्य | | |
| ९. | श्री रेनुका विष्ट क्षेत्री | सदस्य | | |
| १०. | श्री डोल बहादुर सार्की | सदस्य | | |
| ११. | श्री सुनिता विश्वकर्मा | सदस्य | | |
| १२. | श्री बसन्त सुनार | सदस्य | | |
| १३. | श्री टिका कुमारी घर्ती कुँवर | सदस्य | | |
| १४. | श्री खगिसरा पोखेल | सदस्य | | |
| १५. | श्री विबेक रणपाल परियार | सदस्य सचिव | | |

अन्य उपस्थितिः

| क्र. सं. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | छविलाल अधिकारी | का.स. | | |
| २. | | | | |
| ३. | | | | |

प्रस्तावहरुः-

१. अघिल्लो कार्यपालिकाको बैठक सम्बन्धमा ।

२. गाउँसभाको १८ औ अधिवेशनको प्रथम बैठक सम्वन्धमा ।

३. म्याद थप सम्बन्धमा।

४. लक्षित कार्यक्रम सम्बन्धमा।

५. मागमा आधारित कृषि सामाग्री व्यवस्थापन सम्बन्धमा।

६. मानव सेवा आश्रम सम्बन्धमा।

७. विविध।

निर्णयहरुः-

निर्णय नं १- यस अघिको कार्यपालिका बैठकका निर्णय उपर छलफल गर्दा कार्य सन्तोषजनक रहेको निर्णय गरियो।

निर्णय नं २- गाउँसभाको अठारौ अधिवेशनको प्रथम बैठक असार महिनाको ६ गते वस्ने निर्णय गरियो।

निर्णय नं ३- १५ शैया अस्पतालको ठेक्काको म्याद थप प्राविधिक अनुगमन तथा राय बमोजिम १ वर्षका लागि थप गर्ने निर्णय गरियो।

निर्णय नं ४- लक्षित कार्यक्रम अनुसार ज्येष्ठ नागरिक तर्फ किंत्ली वितरण कार्यक्रम, महिला लक्षित कार्यक्रम अन्तर्गत मिनिटिलर, दलित लक्षित, जनजाति लक्षित र कुमाल लक्षित कार्यक्रम अन्तर्गत मिनिटिलर, कम्वाइन्ड मिल र टनेल वडा कार्यालयहरुवाट छनोट सिफारिस गरे वमोजिमका लक्षित समूह भित्रका लाभग्राहीलाई वितरण गर्ने निर्णय गरियो।

निर्णय नं ५- मागमा आधारित कृषि सामाग्री व्यवस्थापनमा माग उच्च रहेको देखिदा वडा कार्यालयहरुवाट संकलित माग बजेट सिमा भित्र रही समावेशी ढंगबाट लाभग्राही छनोट गरी सिफारीस गरे बमोजिम वितरण गर्ने निर्णय गरियो।

निर्णय नं ६- मानव सेवा आश्रमलाई रु १ लाख ५० हजार सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं ७ – गुल्मी चेम्वर्स अफ कमर्शलाई रु ५० हजार सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं ८ –रेडक्रस जिल्ला कार्यसमितिलाई रु ५० हजार सहयोग गर्ने निर्णय गरियो।

भगत सिंह खड्का
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं ९ – जीपलाईन सञ्चालनका लागि प्रस्ताव पेश हुन आएकोले जीपलाईन सञ्चालनका लागि प्राविधिक फिजिबिलिटि र कानूनी विषयमा परामर्श लिने निर्णय गरियो।

निर्णय नं १० – तिलक बहादुर सार्कीको आर्थिक अवस्था कमजोर भएको हुँदा निजलाई औषधी उपचार खर्च गर्नका लागि ५० हजार आर्थिक सहायता गर्ने निर्णय गरियो।

निर्णय नं ११ – माघ महिना पछि नियुक्ति गरिएका करार कर्मचारीको हकमा करार सेवा अवधि असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं १२ – रोटरी क्लब अफ रेसुङ्गा गुल्मीलाई रु ५० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं १३ – रोजगार सहायक र रोजगार प्राविधिकको हकमा आगामी आर्थिक वर्षको लागि पालिकाको श्रोतबाट व्ययभार पर्ने गरी सेवा निरन्तरता गर्ने निर्णय गरियो।

निर्णय नं १४ – "कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०७९ लाई संशोधन देहाय अनुसार गर्ने निर्णय गरियो।

दफा ४ लाई संशोधन गरी दफा ३ को खण्ड (क) (ख) र (ग) बमोजिम कन्टिन्जेन्सी खर्च कट्टा गरी बाँकी रहेको विनियोजित रकमलाई शतप्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ ।भन्ने वाक्यांशलाई संशोधन गरी दफा ३ को खण्ड (क) र (ख) बमोजिम कन्टिन्जेन्सी खर्च कट्टा गरी बाँकी रहेको विनियोजित रकमलाई शतप्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ भन्ने वाक्य राख्ने।

कार्यविधिको दफा ८ र अनुसूची १ हटाउने निर्णय गरियो।

निर्णय नं १५ – आर्थिक वर्ष ०८१।८२ का लागि संघीय शशर्त स्रोततर्फबाट यस इस्मा गाउँपालिका मार्फत कार्यान्वयन हुने गरी शिक्षा उपक्षेत्रको विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकबाट तोकीएका सूचकका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदान कृयाकलापका लागि प्राप्त रु ५ लाख रकम शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि ०८१।८२ को मा उल्लेख भएको कार्य प्रकृया समेतका आधारमा यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमध्ये शैक्षिक सत्र २०८१ को गाउँपालिका स्तरीय वार्षिक परीक्षा कक्षा ५ र ८ को नतिजाका आधारमा देहाय बमोजिम हुने गरी यस कार्यालयमार्फत विद्यालयको बैङ्क खातामा भुक्तानी गर्ने निर्णय गरियो ।

भगत सिंह खड्का
अध्यक्ष

| क्र सं | विद्यालयको नाम र ठेगाना | नतिजाको लागि आधार लिएको कक्षा | विद्यार्थी उर्तिण प्रतिशत | प्राप्त अनुदान रकम रु | कैफीयत |
|---|---|---|---|---|---|
| १ | श्री चन्द्र आ वि इस्मा गापा ४ कोटकोटेरी | कक्षा ८ | ९२ प्रतिशत | १ लाख ५० हजार | |
| २ | श्री आनन्दपुर मा वि इस्मा गापा ५ दोबाट | कक्षा ८ | ७६ प्रतिशत | १ लाख | |
| ३ | श्री देविस्थान आ वि इस्मा गापा ४ हुल | कक्षा ५ | ७८ प्रतिशत | १ लाख ५० हजार | |
| ४ | श्री देउराली आ वि इस्मा गापा ४ चैयाँ | कक्षा ५ | ७७ प्रतिशत | १ लाख | |

निर्णय नं १६– यस गाउँपालिकाको सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि,२०७४ को दोस्रो संशोधन सम्बन्धमा अन्य सवै कुरा यथावत् राखी देहायको दफाको सम्बन्धमा मात्र देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो:

दफा ४ को उपदफा १ मा वार्षिक रुपमा बढीमा एकमुष्ठ रु २,००,०००।– (दुई लाख मात्र)
दफा ४ को उपदफा २ मा वार्षिक रुपमा बढीमा एकमुष्ठ रु ३,००,०००।– (तीन लाख मात्र)
दफा ४ को उपदफा ३ मा वार्षिक रुपमा बढीमा एकमुष्ठ रु ४,००,०००।– (चार लाख मात्र)
दफा ४ को उपदफा ४ मा वार्षिक रुपमा बढीमा एकमुष्ठ रु ५,००,०००।– (पाँच लाख मात्र)

निर्णय नं १७– आर्थिक वर्ष ०८१।८२ को वार्षिक स्विकृत बजेट तथा कार्यक्रममा तोकिए अनुसार इस्मा छात्रवृतिका लागि प्रति विद्यार्थी जनही एकमुष्ट रु ५ हजार र इस्मा प्राविधिक छात्रवृतिका लागि प्रति विद्यार्थी जनही एकमुष्ट रु १४ हजार का दरले रितपूर्वक रुपमा आवेदन पेश गरेका विद्यार्थीको वैङ्क खातामा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १८–इस्मा प्राविधिक छात्रवृति वितरण सम्बन्धी कार्यविधि,२०८० को प्रथम संशोधन सम्वन्धमा अन्य सवै कुरा यथावत् राखी देहायको दफाको सम्बन्धमा मात्र देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

परिच्छेद-१ को दफा-४ को (ङ) )" छात्रवृत्ति" भन्नाले इस्मा गाउँपालिका भित्र स्थायी बसोबास भई विभिन्न स्थानमा नेपाल सरकावाट प्राविधिक विषय भनी तोकिएका विषय अध्ययन गर्ने विद्यार्थीका लागि मात्र नदोहोरिने गरी दिईने छात्रवृति वा इस्मा गाउँपालिकामा सञ्चालित जीवराज आश्रित बहुप्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीका लागि प्रत्येक सेमेष्टरमा शिक्षालयका लागि सम्बन्धित विद्यार्थीले नेपाल सरकार मातहतको CTEVT ले नियमानुसार तोकि सम्वन्धित विद्यार्थीले शिक्षालयलाई भुक्तानी गर्नुपर्ने रकम भन्ने सम्झनु पर्दछ ।भन्ने वुँदा थपिएको ।

भगत सिंह खड्का
अध्यक्ष

Scanned with CamScanner

परिच्छेद-२ को दफा-३ प्राविधिक छात्रवृति व्यवस्थापन तथा वितरण गर्न —— प्रथम संशोधनबाट हटाइएको र —.. रीतपूर्वक पर्न आएका निवेदनहरु सम्बन्धमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सिफारिस भई आएका निवेदकरुका लागि विनियोजित वार्षिक स्विकृत बजेट समेतका आधारमा गाउँ कार्यपालिका बैठकले निर्धारण गरेबमोजिम हुने गरी सम्बन्धित विद्यार्थीको बैङ्क खातामा भुक्तानी गरिनेछ भन्ने बुँदा थप गरिएको।

परिच्छेद-२ को दफा-४ को (ङ) र (च) (झ) मा लेखिएको बुँदा हटाइ रितपूर्वक पर्न आएका निवदेकहरुमध्येबाट विनियोजित रकमको सिमाभित्र रहि प्रत्येक विद्यार्थीलाई दामासहिका आधारमा रकम सम्बन्धितको बैङ्क खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउने भन्ने बुँदा थप गरिएको ।

परिच्छेद-३ को दफा-५ को (घ) (ङ),(च) र (ज) मा भएका बुँदा हटाइएको ।

निर्णय नं १९- कार्यालय प्रयोजनका लागि कन्टेन्जेन्सी बाट व्ययभार पर्ने गरी मोटरसाइकल खरिद गर्ने निर्णय गरियो ।

भगत सिंह धामी
अध्यक्ष